संघीय संसद
राष्ट्रिय सभा
पन्ध्रौं अधिवेशन
बैठक-९
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १२:०९ बजे*
*बैठक स्थगित : ४ :१४ बजे*

२०८० फागुन १८ गते, शुक्रबार

संघीय संसद, राष्ट्रिय सभाको पन्ध्रौं अधिवेशनको नवौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा अपराह्न १२:०९ बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले सभामा आफ्नो कार्यकाल पुरा गर्न लाग्नु भएका माननीय सदस्यहरुले ६ वर्षको कार्य अवधिमा सभा तथा समितिमा रही संसदीय अभ्यासका क्रममा प्राप्त गर्नुभएका अनुभव लगायतका समसामयिक विषयमा बोल्न समय माग भए अनुसार बोल्न बाँकी रहनु भएका माननीय सदस्यहरूले आफ्ना अनुभव प्रस्तुत गर्ने क्रम जारी रहन्छ। आफ्ना अनुभव प्रस्तुत गर्न चाहनुहुने बाँकी माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

१. मा. सदस्य अनिता देवकोटा
२. मा. सदस्य भैरव सुन्दर श्रेष्ठ
३. मा. सदस्य जितेन्द्र नारायण देव
४. मा. सदस्य रमेश जंग रायमाझी
५. मा. सदस्य रामचन्द्र राई
६. मा. सदस्य विना पोखरेल
७. मा. सदस्य डा. विमला राई पौड्याल

तदुपरान्त सम्माननीय अध्यक्षले माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री पूर्ण बहादुर खड्काले सभाको शून्य र विशेष समयमा माननीय सदस्यहरूले उठाउनु भएका विषयमाथि बोल्नको लागि समय माग गर्नुहुँदा सम्माननीय अध्यक्षले समय उपलब्ध गराउनुभयो।

तदुपरान्त सम्माननीय अध्यक्षले माननीय उपप्रधान तथा रक्षा मन्त्री पूर्ण बहादुर खड्काले दिनुभएको जवाफका सम्बन्धमा केन्द्रित रही प्रश्न सोध्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

१. मा. सदस्य भैरव सुन्दर श्रेष्ठ
२. मा. सदस्य दिल कुमारी रावल थापा "पार्वती"
३. मा. सदस्य अनिता देवकोटा
४. मा. सदस्य गोमा देवी तिमिल्सिना
५. मा. सदस्य गोपी बहादुर सार्की आछामी
६. मा. सदस्य तुलसा कुमारी दाहाल
७. मा. सदस्य कमला पन्त
८. मा. सदस्य सुरेश कुमार आलेमगर
९. मा. सदस्य राजेन्द्र लक्ष्मी गैरे

त्यसपछि सम्माननीय अध्यक्षले माननीय उपप्रधान तथा रक्षा मन्त्री पूर्ण बहादुर खड्कालाई माननीय सदस्यहरूले उठाउनु भएका जिज्ञासाका सम्बन्धमा प्रष्ट पार्नका लागि समय उपलब्ध गराउँनुहुँदा माननीय मन्त्रीले जिज्ञासालाई प्रष्ट पार्नुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले लुम्बिनी प्रदेशबाट प्रतिनिधित्व गर्ने सभाका सदस्यहरूको तर्फबाट माननीय अनिता देवकोटालाई “निर्वाचन क्षेत्र (प्रदेश) विकास निर्माण, शान्ति सुव्यवस्था लगायत कार्यहरूको अनुगमन, निरीक्षण र मूल्याङ्कनको प्रतिवेदन, २०८०” सभा समक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यले उक्त प्रतिवेदन सभामा पेस गर्नुभयो।

तदुपरान्त सम्माननीय अध्यक्षले दिगो विकास तथा सुशासन समितिका माननीय सभापति प्रकाश पन्थलाई “नेपालमा दिगो विकास लक्ष्य कार्यान्वयन स्थिति अध्ययन तथा मूल्याङ्कन प्रतिवेदन, २०८०” सभा समक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय सभापतिले उक्त प्रतिवेदन सभामा पेस गर्नुभयो।

तदुपरान्त सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिका माननीय सभापति जयन्ती देवी राईलाई “खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ को दफा १९ को कार्यान्वयन मापन प्रतिवेदन, २०८०” सभा समक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय सभापतिले उक्त प्रतिवेदन सभामा पेस गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङ्गलाई विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित “प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त सम्पति शुद्धीकरण (मनी लाउण्डरीङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथि छलफल गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय माननीय मन्त्रीले उक्त प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो। तदुपरान्त सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा  सभाबाट सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले उक्त प्रस्तावमाथि छलफल प्रारम्भ हुन्छ। छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरु तथा आनुषङ्गिक अन्य दफाहरुमा मात्र छलफल गर्न सकिने व्यहोरा माननीय सदस्यहरूलाई जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

१. मा. सदस्य रमेश जंग रायमाझी
२. मा. सदस्य कुमार दसैदी
३. मा. सदस्य भैरव सुन्दर श्रेष्ठ
४. मा. सदस्य  तुलसा कुमारी दाहाल
५. मा. सदस्य तुल प्रसाद विश्वकर्मा

तदुपरान्त, सम्माननीय अध्यक्षले उक्त प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानाकरी गराउनुहुदैं माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङ्गलाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन समय उपलब्ध गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले “प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त सम्पति शुद्धीकरण (मनी लाउण्डरीङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९” का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ४ सम्म र माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङ्गले सभाबाट स्वीकार गरेका विषय सहित उल्लिखित संशोधनहरू “सम्पति शुद्धीकरण (मनी लाउण्डरीङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ को अङ्ग बनोस्” भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले , विधेयकको दफा २ देखि २० सम्मका दफाहरू "प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त सम्पति शुद्धीकरण (मनी लाउण्डरीङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनुभयो।

"प्रस्तावनाः सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरीङ्ग) तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण र व्यावसायिक वातावरण प्रवर्द्धन गर्न केही ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले, संघीय संसदले यो ऐन बनाएको छ।

संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "सम्पति शुद्धीकरण (मनी लाउण्डरीङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८०" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

त्यसपछि, सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम "प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त सम्पति शुद्धीकरण (मनी लाउण्डरीङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली, २०७५ को संशोधन मस्यौदा समितिका माननीय सभापति सुरेश कुमार आलेमगरलाई "राष्ट्रिय सभा नियमावली, २०७५ को संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०८० माथि दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय सभापतिले उक्त प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली, २०७५ को संशोधन मस्यौदा समितिका माननीय सभापति सुरेश कुमार आलेमगरले पेस गर्नु भएको " राष्ट्रिय सभा नियमावली, २०७५ को संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०८० माथिको दफावार छलफल गरियोस्" भन्ने प्रस्तावमाथि छलफल प्रारम्भ हुन्छ। यस प्रतिवेदनमा ९ जना माननीय सदस्यहरूबाट २ समूहमा संशोधन प्रस्ताव दर्ता भएकोमा राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ७१ बमोजिम उक्त संशोधन प्रस्तावहरू सभा समक्ष पेस गर्न स्वीकृत भएको व्यहोरा जानकारी गराउनुभयो।

तदुपरान्त सम्माननीय अध्यक्षले संशोधनकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय सदस्यहरू प्रकाश पन्थ र भुवन बहादुर सुनारलाई संशोधनको प्रस्ताव सहित दफावार छलफलमा भाग लिन समय दिनुभयो। तत्पश्चात्, सम्माननीय अध्यक्षले "राष्ट्रिय सभा नियमावली, २०७५ को संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०८०" को संशोधन प्रस्ताव सहित प्रतिवेदनमाथिको दफावार छलफलमा भाग लिन चाहनुहुने देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

१. मा. सदस्य रमेश जंग रायमाझी
२. मा. सदस्य कमला पन्त
३. मा. सदस्य डा. विमला राई पौड्याल
४. मा. सदस्य जितेन्द्र नारायण देव
५. मा. सदस्य भैरव सुन्दर श्रेष्ठ
६. मा. सदस्य खिमलाल देवकोटा

७. मा. सदस्य विमला घिमिरे ८. मा. सदस्य गोपी बहादुर सार्की आछामी

त्यसपछि, सम्माननीय अध्यक्षले उक्त प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानाकरी गराउनुहुदैं माननीय सभापति सुरेश कुमार आलेमगरलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुभयो।

तदुपरान्त सम्माननीय अध्यक्षले “राष्ट्रिय सभा नियमावली, २०७५ को संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०८०” माथि संशोधन पेस गर्नुहुने संशोधनकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय सदस्यहरू प्रकाश पन्थ र भुवन बहादुर सुनारलाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहेमा फिर्ता लिन समय दिनुहुँदा उहाँहरूले संशोधन प्रस्तावहरू फिर्ता लिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले प्रतिवेदनको क्रम सङ्ख्या २ देखि १३८ सम्म र अनुसूची ८ देखि १८ सम्म “राष्ट्रिय सभा नियमावली, २०७५ को अङ्ग बनोस्” भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले नियमावलीको प्रस्तावना र नाम पढेर सुनाउनुभयो।

“प्रस्तावना: राष्ट्रिय सभा नियमावली, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकाले, नेपालको संविधानको धारा १०४ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय सभाले देहायका नियमहरू बनाएको छ।

संक्षिप्त नाम र प्रारम्भ: यी नियमहरूको नाम "राष्ट्रिय सभा (दोस्रो संशोधन) नियमावली, २०८०" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

तदुपरान्त सम्माननीय अध्यक्षले नियमावलीको प्रस्तावना र नाम "राष्ट्रिय सभा नियमावली, २०७५" को अङ्ग बनोस्” भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली, २०७५ को संशोधन मस्यौदा समितिका माननीय सभापति सुरेश कुमार आलेमगरलाई "राष्ट्रिय सभा (दोस्रो संशोधन) नियमावली, २०८० पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय सभापतिले उक्त प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो। त्यसपछि, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो।

तदुपरान्त सम्माननीय अध्यक्षले राष्ट्रिय सभाका साविकका समितिहरू “राष्ट्रिय सभा (दोस्रो संशोधन) नियमावली, २०८०” अनुसार देहाय बमोजिम रुपान्तरण हुने व्यहोरा जानकारी गराउनुभयो।

| समितिको साबिकको नाम | रुपान्तरण हुने समितिको नाम |
|---|---|
| दिगो विकास तथा सुशासन समिति | विकास, आर्थिक मामिला तथा सुशासन समिति |
| विधायन व्यवस्थापन समिति | विधायन व्यवस्थापन समिति |

| | |
|---|---|
| प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति | सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समिति |
| राष्ट्रिय सरोकार तथा समन्वय समिति | संघीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समिति |

तत्पश्चात्, सम्माननीय अध्यक्षले साविकका समितिमा रहनु भएका समितिका माननीय सभापतिहरू र माननीय सदस्यहरू रुपान्तरित तत् तत् समितिमा सभापति र सदस्यहरू रहने गरी प्रस्ताव गरेकोहुँदा उपरोक्त प्रस्तावलाई सभाको सहमति जनाइदिनुहुन अनुरोध गर्नुहँदा माननीय सदस्यहरूले सहमती जनाउनुभयो।

तदनन्तर, सम्माननीय अध्यक्षले माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक राष्ट्रिय सभाको अर्को बैठक २०८० साल फागुन २१ गते सोमबार अपराह्न १ बजेर १७ मिनेटमा बस्ने गरी उक्त बैठक स्थगित भएको घोषणा गर्नुभयो।

पद्मप्रसाद पाण्डेय
महासचिव